# कैलारी गाउँपालिका सामाजिक कुरीतिहरु बिरुद्धको नीति
# २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०४।०३

## १. पृष्ठभूमि

समाज बिकासको क्रमसंगै परम्परा देखि चलिआएका र सामाजिक तथा साँस्कृतीक रुपमा बिकास भएका प्रथाहरुमा सुधारको खाँचो महसुस भईरहेको छ । समाज बिज्ञानको बिकास तथा बिश्वब्यापिकरणको प्रभावसंगै कतिपय प्रथा वा परम्पराहरु बिगतमा समाजले पचाउँदै आएको भएपनि अहिले तीनिहरु संरचनागत हिंसाको रुपमा ब्याख्या हुन थालेका छन् । ब्यक्ति तथा समुदाय बिशेष माथि हिंसा थोपर्ने खालका कुप्रथाहरुलाई नेपालको संबिधान र ऐनहरुमा फौजदारी अपराध अन्तर्गत राखिएको छ । नेपालको बिभिन्न भूभागमा ठाउँ अनुसार साँस्कृतीक उपजको रुपमा फरक फरक प्रभाव रहेका बाल विवाह, छाउपडी प्रथा, दाईजो प्रथा, जातीय छुवाछुत, तथा बोक्सा बोक्सी जस्ता कुप्रथाहरुलाई कानूनले निषेध गरेको छ तरपनि यसबारे सचेतनामा कमीका कारण प्रभावकारी कार्यान्वयन भने भएको पाईंदैन । वर्तमान नेपालको राजनैतिक संरचना अनुसार बनेका तीन तहकै सरकार तथा निकायहरुले यी बिषयहरुमा सचेतना जगाउने र कानूनको प्रभावकारी कार्यान्वयनमा सहकार्य गर्नु आजको टड्कारो आवश्यकता रहेकोले कैलारी गाउँपालिकाले सामाजिक कुरीतिहरु विरुद्धका नीति जारी गरेको छ ।

## २. सामाजिक कुरीतिहरु बिरुद्धका नीतिको आवश्यकता

२.१ सामाजिक कुरीतिहरुले समाजमा पर्ने असरहरुको प्रत्यक्ष सरोकार स्थानीय तहमा नै पर्नजाने हुन्छ । समाजमा सदियौं देखि जकडीएर रहेका कुरीतिहरुको अन्त्यकालागि जनचेतना जगाउनु स्थानीय सरकारको कर्तब्य हो ।

२.२ सम्मानपुर्बक बाँच्नपाउने मानव अधिकारको आधारभूत मान्यता तथा नेपाल पक्षराष्ट्र भएका बिभिन्न अन्तराष्ट्रिय सन्धी सम्झौताहरुमा गरिएका प्रतिज्ञाहरु लाई शुनीश्चित गर्नकालागि ब्यवहारीक रुपमा सबैतहका सरकारहरुका नीति तथा कार्यक्रमहरुले सम्बोधन गर्न आवश्यक हुन्छ ।

२.३ नेपालको संबिधानको धारा ५१(ग)(५)ले समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने राज्यका नीति हुने कुरा उल्लेख गरेको हुनाले संबिधानको भावना अनुसार यस्ता प्रकारका कुरीतिहरुको अन्त्य गर्नकालागि स्थानीय तहले स्पस्ट नीति तयगर्नु आवश्यक छ ।

२.४ नेपालको संबैधानिक इतिहासमा बाल विवाहलाई पहिलो पटक बाल अधिकार हननको बिषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ । त्यसैगरि मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३(१)ले व्यक्तिको विवाह गने उमेरको हकमा “बीस बर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन भन्ने स्पष्ट किटान गरेको छ र सोही दफाको उपदफा (२)ले बीस बर्ष पुरा नभई भएको विवाह स्वतः बदर हुने ब्यवस्था गरेकोछ ।

२.५ बाल विवाहको दर उच्च रहेका मुलुकहरु मध्ये नेपाल अग्रपंक्तिमा रहेको छ । बिशेष गरी बालिका र महिलाहरुको सन्र्दभमा बाल विवाहले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सृजना गर्दछ र थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बाल विवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, सम्बन्ध बिच्छेद, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरुले बालिका र महिलाहरु अझ पिडित हुने हुँदा यसको रोकथामका लागि कदम चाल्नु अनिवार्य छ ।

२.६ बिभिन्न अन्तराष्ट्रिय मञ्चहरुमा गरेका प्रतिबद्धता अनुसार नेपालले सन् २०३० सम्ममा नेपालमा बाल विवाह अन्त्य गर्ने लक्ष लिएको छ । यसकालागि स्थानीय तहहरुले पनि आफु अनुकुलका नीति तथा कार्यक्रम तर्जुमा गरि कदम चाल्नु आवश्यक हुन्छ ।

२.७ किशोरी अवस्थाबाट सुरुहुने महिनावारी प्राकृतीक भएपनि यसलाई अपबित्र मानिने र अलग्गै बनाईएका असुरक्षित छाउगोठमा बस्दा महिला र किशोरीहरू सर्पले टोकेर, जंगली जनावरको आक्रमणबाट, शुद्ध हावाको अभावले निस्सासिएर, आगलागी भएर अकालमा मृत्यु हुने गरेको पाइन्छ । मादक पदार्थ सेवन

गर्ने वा अन्य हिंश्रक मनोबृत्तिका ब्यक्तिहरुबाट महिला तथा किशोरीहरूमाथि बलात्कार, यौन शोषण, यौनजन्य दुर्व्यवहार जस्ता घटनाहरू पनि बारम्बार घट्ने गरेको पाइन्छ । यसप्रकारको कुरीतिको आडमा भईरहेका दुर्घटना तथा अपराधलाई निर्मुल गर्नु आवश्यक छ ।

२.८ नेपालको संबिधानको मौलिक हक अन्तर्गत धारा ३८(३)ले महिला बिरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनेको छ । परम्परागत रुपमा मानिदै आएको छाउपडी जस्तो कुरीति महिला माथिको हिंसाको रुपमा रहेको हुनाले महिलाको मौलिक हकको प्रत्याभुती गराउनु राज्यको प्रमुख दायित्व भित्र पर्नेकुरा हो ।

२.९ सम्मानित सर्वोच्च अदालतले २०६२ साल मै छाउपडी प्रथालाई कुप्रथा घोषित गरी छाउपडी प्रथा उन्मूलनका लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । सो पश्चात महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयद्धारा छाउपडी प्रथा उन्मूलनका लागि छाउपडी उन्मूलन निर्देशिका २०६४ जारी गरेको छ भने मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १६८(३)ले महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन भनी यस्तो कार्यलाई फौजदारी अपराधको रुपमा ब्याख्या गरेको छ ।

२.१० महिनावारी र सुत्केरी भएको समयमा छुट्टै छाउगोठमा राखिने तथा दुध, दही जस्ता पौष्टिक आहार खान समेत बन्देज लगाईने हुँदा नवजात शिशु र आमाको स्वास्थ्यमा समेत नकारात्मक असर परी शिशु र आमाको मृत्युदर बढ्नुमा सहायक भइरहेकोछ ।

२.११ परम्परागत रुपमा मानिदै आएको छुवाछुत जस्तो अमानवीय ब्यवहारले नेपालको संबिधानको मौलिक हक अन्तर्गतको सम्मानपुर्बक बाँच्नपाउने हकको ठाडो उलंघन गर्दछ । त्यस्तैगरि मौलिक हकको धारा २४(१) मा “कुनैपनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन” भन्ने ब्यवस्था भएपनि समाजमा अझ जातीय छुवाछुत बिद्यमान छ । मौलिक हकको प्रत्याभुती गराउनु सबै तहका सरकारको कर्तब्य हो ।

२.१२ मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १६६(१)ले “कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेशा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पतिको आधारमा छुवाछुत वा अन्य कुनै किसिमको भेदभाव गर्न वा सार्वजनिक स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्न वा सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्न बञ्चित गर्न वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट बञ्चित गर्न हुँदैन” भनेर जातीय छुवाछुतलाई फौजदारी अपराध अन्तर्गत राखेको अवस्था छ ।

२.१३ जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को दफा ३(१)मा “कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुँदैन” भनेको छ भने सोही दफाको (२)ले “कसैले जातीय भेदभाव वा छुवाछूत गर्ने कार्य गर्न कुनै प्रकारको मद्दत गर्न, दुरुत्साहन गर्न, उक्साउन वा त्यस्तो कार्यको उद्योग गर्न हुँदैन” भनेको छ । यी कार्यमा कसैको संलग्नता भएमा जातीय छुवाछुत कसुर गरेको ठहरीने ब्यवस्था छ ।

२.१४ मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७४(१)मा “आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्तराखी विवाह गर्न वा गराउन हुँदैन” भन्ने ब्यवस्था गरि दाईजो प्रथालाई अपराधीकरण गरिएको भएता पनि दाईजोकै निहुँमा महिलामाथि हुने हिंसाको रुप बिकराल छ । बिवाहमै बेहुलाले दाईजो नपाएको निहुँमा बेहुली छाडेर हिंड्ने तथा दाईजोकै निहुँमा दुलहीहरु जिउँदै जलाईने जस्ता अमानबीय कार्यहरु भईरहेका छन् ।

२.१५ कसैलाई बोक्सी वा बोक्साको आरोप लगाउनु, सताउनु, अपहेलना गर्नु, आक्रमण गर्नु, सामाजिक बेईज्जती गर्नु वा मार्नु जघन्य अपराध हो । कसैलाई बोक्सा बोक्सीको आरोप लगाउनु मात्रपनि आरोपित ब्यक्तिको सम्मान पुर्बक बाँच्न पाउने मौलिक हकको हनन हो । धामी झाँक्रीले समाजमा बोक्सा बोक्सी प्रथाको आडमा अन्धबिश्वास फैलाउने र यसैका आडमा शोषण गर्दै आईरहेको हुनाले महिला, पुरुष, बाल बालिका, युवा तथा प्रौढ सबैलाई यसका बिरुद्ध सचेतना फैलाउन जरुरी छ ।

२.१६ मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १६८ले "बोक्सा बोक्सीको आरोप लगाउने, बोक्सा बोक्सीको आरोप लगाई बसोबास गरेको ठाँउबाट निकाला गर्ने, सामाजिक बहिष्कार गर्ने, वा यस्ता प्रकृतीका अन्य जुनसुकै काम गरी क्रुर, अमानवीय वा अपमानजन्य व्यवहार गर्ने" कार्यलाई फौजदारी अपराध मानेको छ । त्यसैगरि बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ ले बोक्सा बोक्सी प्रथालाई सामाजिक कुरीतिको रुपमा ब्याख्या गरि यसको नीवारण गर्ने र पिडितको संरक्षणको समेत ब्यवस्था गरेको छ ।

२.१७ बिभिन्न प्रकारका सामाजिक कुरीतिहरुको अन्त्यकालागि संघीय सरकारले कानून निर्माण गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग जस्ता संवैधानीक आयोगहरुले बिद्यमान सामाजिक कुरीतिहरुका वारेमा अध्ययन तथा अनुसन्धानहरुका साथै कुरीतिहरुको निवारणकालागि काम गर्दैआएको भएता पनि अझ पर्याप्त रुपमा सचेतना नपुगेको कारणले यी विद्यमान छन् । स्थानीय सरकार नागरिकहरुको सबैभन्दा नजिकको अबिभावक हुनुका नाताले यस्ता प्रकारका कुरीतिहरुलाई जरैदेखि फाल्नका लागि सबै सरोकारवालाहरुसंग समन्वय, सहकार्य र साझेदारी गरि सामाजिक न्यायको प्रत्याभुती दिनु आवश्यक छ ।

२.१८ यो नीति स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ (२) (ग) (३२) अन्तर्गतको काम, कर्तब्य र अधिकारलाई प्रयोग गर्न बिशेष रुपमा फलदायी हुनेछ ।

३. **परिभाषा : यस नीतिको प्रयोजनका लागि,-**

**(क)** ***"बाल विवाह"*** भन्नाले मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ (१) ले तोके अनुसार २० बर्ष नपुगी गरिएको जुनसुकै प्रकारको विवाह लाई बुझिनेछ ।

**(ख)** ***"छाउपडी"*** भन्नाले छुई, छाउ, बाहिर हुनु, छाउपडी, छाउकुल्ला र छाउकुडी भनेर ठाउँ अनुसार विभिन्न शब्द प्रयोग गरिने सामान्यतया महिला तथा किशोरीहरु महिनावारी तथा सुत्केरी हुँदा अशुद्ध भनी छुन नहुने वा बार्ने, घरभन्दा टाढा अलग्गै हुनेगरि बनाईएका साँघुरा छाउगोठ, ओढार, गोठमा बस्ने र पाल तथा कपडा टाँगेर बस्ने वा बस्न बाध्य पारिने एवं दुध, दही, मही जस्ता खानेकुराहरु खान नदिने जस्ता कार्यलाई छाउपडी भनेर बुझिनेछ ।

**(ग)** ***"जातीय छुवाछूत"*** भन्नाले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृती, रीतिरिवाज, जात, जाती, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक वा नीजि स्थानमा छुत र अछुत भनी गरिने सबैप्रकारका बन्देज वा भेदभावलाई बुझिनेछ । बिश्तृतमा उल्लेख गर्नुपर्दा ***"जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८"*** को दफा ४ अनुसारका कसुरहरु जातीय छुवाछूत भित्र पर्दछन् ।

**(घ)** ***"दाईजो प्रथा"*** भन्नाले बिवाह अघि वा पछि माता पिता वा केटी पक्षको इष्टमित्र वा आफन्त वा अन्य नातेदारबाट केटीलाई वा केटी पक्षद्वारा केटालाई दिने धन सम्पत्ती रुपैया पैसा अथवा सर सामान (नगद वा जिन्सी) आदि लगायतका चल अचल सम्पति जग्गा जमिन दिने कार्यलाई दाइजो भनिन्छ । यसले नेपालको तराईका जिल्लाहरुमा प्रचलित रहेका दाईजो, दहेज, तिलक आदि विभिन्न नाममा विवाहका बेला हुने मोल मोलाई लाई पनि सम्झनु पर्नेछ ।

**(ङ)** ***"बोक्सा बोक्सी"*** भन्नाले कुनै व्यक्तिलाई बोक्सा, बोक्सी, डंकीनी, छौंडा, छौंडी आदि जस्ता अपमानजनक शब्द प्रयोगगरि अमानबीय कार्यगर्ने वा यस्तै अन्य नामबाट लाञ्छना लगाउने कार्य बुझिने छ । सो शब्दले बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ को दफा ३ बमोजिम गरिने जुनसुकै कार्य समेतलाई जनाउँदछ ।

## ४. लक्ष्य

समाजमा सदियौं देखि रहँदै आएका र मन मस्तिष्कमा जरा गाडेर रहेका बाल विवाह, छाउपडी, जातीय छुवाछूत, दाईजो प्रथा र बोक्सा बोक्सी जस्ता कुरीतिहरुलाई निरुत्साहित गर्दै यस्ता कुरीतिहरुको अन्त्यगरि बिभेद रहित, सभ्य तथा समतामुलक समाजको निर्माण गर्ने ।

## ५. उद्देश्य

५.१. सामाजिक कुरीतिहरुका बिरुद्ध तथा यसप्रकारका कुरीतिहरुलाई अन्त्य गर्न बनेका राज्यका कानूनहरुका वारेमा समाजको तल्लोस्तर सम्म जनचेतना फैलाउने ।

५.२. सामाजिक कुरीतिहरुलाई स्थानीय प्रयास बाट निरुत्साहित गर्ने ।

५.३. सामाजिक कुरीतिहरुका बिरुद्ध संघीय तथा प्रदेश सरकारले निर्माण गरेका नीति, कानून, निर्देशिका तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न मद्दत गर्ने ।

५.४ सामाजिक कुरीतिवाट पिडित भएकाहरुलाई सामाजिक न्याय प्रदान गर्ने ।

## ६. सामाजिक कुरीति बिरुद्धका नीतिहरु

### क) बाल विवाह

### सचेतनात्मक, प्रवर्धनात्मक नीतिहरु

- गाउँपालिका भित्र बाल क्लव तथा सञ्जालहरुको गठन तथा पुर्नगठन गरि बाल विवाह बिरुद्ध सचेतनामुलक कार्यक्रम संचालनका लागि परिचालन गरिनेछ ।
- बिभिन्न समुहहरुमा सचेतनाकालागि तालिम सामग्री तथा प्रकाशन सामाग्रीहरुको तयारी गरिनेछ । ब्यवस्थित अभिमुखिकरण तथा सचेतनाकालागि बिज्ञहरुको सहायता लिईनेछ ।
- बाल संरक्षण समितिहरुको गठन तथा पुर्नगठन एवं पुनःर्ताजगी गराई बाल विवाह रोकथाम तथा सचेतना अभियानकालागि परिचालन गरिनेछ ।
- बाल विवाहको जोखिममा रहेका क्षेत्र तथा समुदायका बाल बालिकाहको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाकालागि सिफारिस गर्ने सम्पर्क बिन्दुका रुपमा रहेका, टोल बिकास संस्था, नागरिक सचेतना केन्द्र, बालक्लब, युवा तथा किशोरी सञ्जाल जस्ता बालअधिकार संरक्षणकालागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
- सामुदायिक संघ संस्थाहरु जस्तै, भलमन्सा, किशोरी समुह, आमा समुह, उपभोक्ता समितिहरु, युवाक्लव तथा विद्यालयहरु मार्फत बाल विवाह बिरुद्ध सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछन् । यस्ता कार्यक्रमहरु संचालन गर्दा बिवाह जुराउने ज्योतिषी, बिवाह गराउने पुरोहीत जस्ता अन्य धार्मिक तथा साँस्कृतिक गुरुहरुलाई पनि परिचालन गरिनेछ ।
- बाल विवाह लाई निरुत्साहित गर्न असल अभिभावकत्व सम्बन्धी ज्ञान सीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको वातावरण सिर्जना गरिनेछ ।
- बाल विवाहका कारण उत्पन्नहुने पञ्जीकरणको समस्या तथा यसको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिबृद्धि गरिनेछ ।
- बाल विवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बाल विवाहमा सहभागी हुने तथा दाइजो, बैकल्या जस्ता प्रचलित कुप्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गरिनेछ । बाल विवाहबाट सृजित सम्बन्ध बिच्छेद, मानव बेचबिखन, लैङ्गिक हिंसा र दाइजो प्रथाको विरुद्दमा सचेतना अभिबृद्धि गरिनेछ ।
- बाल विवाह पिडित बाल बालिका, बाल विधवा तथा बैकल्याहरूको आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यकमहरू लागु गरिनेछ र प्रभावकारी कार्यक्रमहरूका तथ्यगत प्रमाणहरू संकलन गरी सफल अभ्यासहरूको प्रर्वद्धन तथा विस्तार गर्दै लगिनेछ ।

- बाल विवाहलाई निरुत्साहीत गरि बाल विवाह मुक्त गाउँ, वडा हुँदै बाल विवाह मुक्त गाउँपालिका घोषणा गर्दै लगिनेछ ।
- बाल विवाह बिरुद्ध समाजमा उल्लेख्य रुपमा भुमिका खेल्ने व्यक्तिहरु, संघसंस्थाहरु तथा समुहहरुलाई प्रोत्साहनका लागि बिशेष सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ । बार्षिक रुपमा कुनै विशेष अवसर पारेर उक्त सम्मान तथा पुरस्कार वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

**दण्डात्मक नीतिहरु**

- बाल विवाहलाई पुर्णतया निरुत्साहन गर्नकालागि बाल विवाह गर्ने गराउनेलाई स्थानीय सरकारवाट प्रदान गरिने सेवा सुविधाहरु रोक्कागर्ने नीति लिईनेछ ।
- बाल विवाहका सम्बन्धमा बनेका संघीय तथा प्रदेश कानूनहरुलाई कडाईका साथ कार्यान्वयन गरिनेछ । यसकालागि आवश्यक समन्वय, सहकार्य एवं साझेदारीका लागि संयन्त्र निर्माण गरिनेछ ।
- स्थानीय उद्योग, कलकारखाना तथा अन्य व्यवसायिक प्रतिष्ठानहरुमा बाल विवाह गरेका जोडीहरुकालागि रोजगारीमा बन्देज गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकासंग प्रत्यक्ष सरोकार राख्ने वा सहकार्य गर्ने भलमन्सा, सामुदायिक संस्थाहरु, उपभोक्ता समितिहरु, टोलबिकास संस्थाहरु, सामुदायीक वन उपभोक्ता समितिहरु, नागरिक सचेतना केन्द्र र बाल क्लवहरुमा बाल विवाह गरेका जोडीहरुको सहभागितालाई निरुत्साहन गरिनेछ । जानाजान बाल विवाह गर्ने परिवारका सदस्यहरुलाई पनि यस्ता समितिहरुमा सहभागिता निरुत्साहीत गरिनेछ ।
- राज्य कोषबाट तलब, भत्ता तथा आर्थिक सेवा सुविधा लिने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुले बाल विवाह लाई प्रोत्साहन पुग्ने कुनै काम गरेको गराएको पाईएमा नीजले खाइपाई आएको सेवा सुबिधा कटौती वा रोक्का गरिनेछ । साथै संघीय एवं प्रदेश कानून अन्तर्गतको सजायकालागि सम्बन्धित निकायमा समन्वय गरिनेछ ।

**सहकार्यात्मक नीतिहरु**

- बाल विवाहलाई निरुत्साहन गर्नकालागि गाउँपालिका क्षेत्र भित्र कार्यरत भलमन्सा, सहकारी संस्थाहरु, आमा समुहहरु, बिद्यालय तथा क्याम्पसहरु, गैरसरकारी संघ संस्थाहरुका साथै अन्य सरोकारवालाहरुसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।
- सचेतना अभियान संचालन गर्न आवश्यक पर्ने तालिम सामग्री तयार गर्न तथा अन्य शिक्षामुलक सामग्री एवं प्रकाशनहरुकालागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- बाल विवाह  सम्बन्धी  कानूनी सचेतना फैलाउन तथा कानूनी उपचारकालागि कानून व्यवसायीहरु तथा कानून व्यवसायीहरुका व्यवसायीक संस्थाहरु तथा अन्य सरोकारवालाहरु संग सहकार्य गरिनेछ ।
- बाल विवाहको अन्त्यकालागि नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु तथा संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरुलाई आवश्यकता अनुसार सहकार्यकालागि आह्वान गरिनेछ । बिभिन्न अभियानहरु संचालनकालागि आवश्यक पर्ने लागत खर्चकालागि कोष खडागरि संस्थागत, तथा व्यक्तिगत दाताहरु, उद्योग एवं व्यापारिक प्रतिष्ठानहरु र गाउँपालिका बिच आर्थिक साझेदारी र सहकार्य समेत गरिनेछ ।

**ख) छाउपडी**

**सचेतनात्मक, प्रवर्धनात्मक नीतिहरु**

- मासिकश्राव किशोरी अवस्थावाट सुरुहुने भएको हुनाले किशोरी केन्द्रीत सचेतना कार्यक्रमहरु तयगरि लागु गरिनेछ । किशोरी समुहहरुलाई स्वास्थ्य, सरसफाई, तथा पोषण समेटीएको एकिकृत प्याकेज तयार गरि अभिमुखिकरण संचालन गरिनेछ ।
- किशोरीहरु मासिक श्राव भएको बेला विद्यालय नजाने अवस्थाले गर्दा विद्यालयमा अनियमितता हुने गरेका छ । यसलाई न्युनीकरण गर्न विद्यालयमा आधारीत विशेष क्रियाकलाप संचालन गरिनेछ । मासिक श्रावका बेला किशोरीहरुलाई विद्यालय समयकालागि आवश्यक पर्ने स्यानीटरी सामग्रीहरु बिद्यालय बाटै उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

- आमा समुहहरु, शिक्षक, राजनीतिक दलका भातृसंगठनहरु, युवा समुहहरु लगायत समुदायमा आधारीत साँस्कृतीक समुहहरु, सामुदायीक वन उपभोक्ता समितिहरु तथा अन्य सरोकारवालाहरु मर्फत समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । सचेतनामुलक कार्यक्रम गर्दा ज्येष्ठ नागरिकहरुलाई विशेष प्राथमिकताका साथ समाबेश गरिनेछ । दलित तथा पिछडीएका बस्तीहरुमा विशेष प्राथमिकताका साथ अभियानहरु संचालन गरिनेछ ।
- धार्मिक संघसंस्थाका प्रमुख तथा प्रतिनीधिहरु, धामी झाँक्रीहरु, तथा पुरोहीतहरु लाई छाउपडी प्रथा बिरुद्ध अभिमुखिकरणगरि परिचालन गरिनेछ । यसकालागि समुदाय केन्द्रीत तालिम सामग्री तयार गरि उनीहरुलाई अभिमुखीकरण संचालन गरिनेछ ।
- छाउपडी प्रथा उन्मुलनमा लागि उदाहरणीय कामगर्ने परिवार, विशेष भुमिका निर्वाह गर्ने व्यक्ति, समुह तथा संघसंस्थाहरुलाई बार्षिक रुपमा सम्मान तथा पुरस्कृत गरिनेछ ।

**दण्डात्मक नीतिहरु**

- छाउपडी प्रथा रहेका घर परिवारहरु तथा छाउपडी प्रथा कायम राख्नकालागि दवाब सिर्जना गर्नेहरुलाई स्थानीय सरकारवाट प्रदान गरिने सेवा सुविधा रोक्कागर्ने नीति लिईनेछ ।
- संघ तथा प्रदेश मातहतमा छाउपडी उन्मुलनकालागि बनेका नीति, कानून तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरिनेछ ।
- गाउँपालिकासंग प्रत्यक्ष सरोकार राख्ने वा सहकार्य गर्ने निकायहरु, उपभोक्ता समितिहरु, टोल बिकास संस्थाहरु, सामुदायीक वन उपभोक्ता समितिहरु, नागरिक सचेतना केन्द्र जस्ता समिति तथा संजालहरुमा छाउपडी प्रथालाई प्रोत्साहीत गर्ने व्यक्तिहरुको सहभागितालाई निरुत्साहित गरिनेछ ।
- राज्य कोषबाट तलब, भत्ता तथा आर्थिक सेवा सुविधा लिने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुले छाउपडी प्रथालाई प्रोत्साहन पुग्ने कुनै काम गरे वा गराएको पाईएमा नीजले खाइपाई आएको सेवा सुबिधा कटौती वा रोक्का गरिनेछ ।

**सहकार्यात्मक नीति**

- छाउपडी प्रथा उन्मुलन गर्नकालागि कार्यरत गैरसरकारी संघ संस्थाहरु, स्थानीय सहकारी संस्थाहरु, आमा समुह तथा युवा क्लवहरु साथै अन्य सरोकारवालाहरु संग समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ ।
- सरोकारवाला निकायहरुका बिच विज्ञता, क्षमता, तथा श्रोत साधनहरुको उपलब्धताका आधारमा जिम्मेवारी बाँडफाँड गरिनेछ र रणनीति निर्माणकालागि समन्वय, सहकार्य र साझेदारी गरिनेछ । सहभागितात्मक आवधीक समिक्षाहरु आयोजना गरिनेछन् ।
- यस क्षेत्रमा कार्यरत तथा कामगर्न ईच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु तथा विज्ञहरुसंग विभिन्न तालिम सामग्री, पाठ्य सामग्री तथा प्रचार सामग्री उत्पादन तथा वितरणका लागि सहकार्य गरिनेछ ।

**ग) दाईजो प्रथा**

**सचेतनात्मक, प्रवर्धनात्मक नीतिहरु**

- दाईजो रहित बिवाहगर्ने जोडीहरुको तथ्याँक संकलन गरिनेछ । यस्ता व्यक्ति तथा परिवारलाई बार्षिक रुपमा सम्मान गरिनेछ र दाईजो सम्बन्धी सचेतना अभियानमा दुतको रुपमा परिचालन गरिनेछ ।
- दाईजोप्रथा निरुत्साहीत गर्ने कार्यक्रम संचालनकालागि स्थानीय संचारमाद्यमहरुसंग सहकार्य गरीनेछ । यस्ता कार्यक्रमहरुमा दाईजोरहित बिवाह गर्ने जोडी तथा परिवारको बारेमा प्रचार प्रसार गरिनेछ ।
- दाईजोरहित बिवाह गर्ने तथा दाईजोरहीत बिवाहलाई प्रोत्साहन गर्न भूमिका निर्वाह गर्ने व्यक्ति तथा परिवारहरुलाई स्थानीय तहले लिने कर महशुलमा ५ प्रतिशत छुट दिने ब्यवस्था गरिनेछ ।
- दाईजो लिने र दिने परिवारको सूचना संकलन गर्ने, सूचना दिने ब्यक्ति वा परिवारको नाम गोप्य राखी पुरस्कारको ब्यवस्था गरिनेछ ।
- दाईजो लिने र दिने परिवारको तथ्याँक संकलन गर्ने र आवधिक रुपमा तथ्याँक बिश्लेषण गर्ने प्रणालीको बिकास गरिनेछ । यसकालागि गोप्य सुचना प्रणाली स्थापना गर्ने र सूचना दिनेलाई प्रोत्साहन तथा नीजको संरक्षण गरिनेछ ।

- दाईजो प्रथालाई अन्त्यगर्दै दाईजो मुक्त गाउँ, वडा हुँदै क्रमस दाईजो मुक्त गाउँपालिका घोषणा गरिनेछ ।
- बैक तथा बित्तय संस्थाहरु एवं सहकारी तथा बचत समुहहरुले गरेका लगानीले दाईजो प्रथालाई प्रोत्साहन पुगेको बारेमा सुक्ष्म अध्ययन तथा अनुगमन गरिनेछ र यस्तो प्रकारको लगानीले दाईजो प्रथालाई प्रोत्साहन पुगेको पाईएमा सम्बन्धीत संस्था वा समुहलाई यसप्रती सचेत गराई उत्तरदायी बनाईनेछ ।
- बिपन्न बर्गका बाल बालिकाहरुको शिक्षामा लगानी गर्न गाउँपालिकावाट एक कोष खडा गरिनेछ । यस कोषमा रकम साझेदारीका लागि र्साबजनीक रुपमा आह्वान गरिनेछ । दाईजोमा खर्चगर्ने बराबरको वा यथासक्य रकमलाई समेत जम्मा गर्न अभिप्रेरित गरिनेछ ।

**दण्डात्मक नीतिहरु**

- दाईजो प्रथालाई निरुत्साहीत तथा दण्डित गर्ने संघीय तथा प्रदेशका कानून तथा नीतिहरुलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- दाइजो लिने दिने, दाईजोको निहुँमा यातना दिने वा यस सम्बन्धी अन्य प्रकारका अपराधमा संलग्न परिवारका सदस्यहरुलाई सहकारी, आमा समुहहरु, टोलविकास संस्था, उपभोक्ता समिति, समुदायिक वन उपभोक्ता समिति तथा अन्य प्रकारका प्रत्यक्ष रुपमा गाउँपालिकाको कुनैपनि संयन्त्रहरुमा आबद्ध नगराउने नीति अवलम्वन गरिनेछ । यसकालागि समुदाय गठन तथा परिचालनगर्ने निर्देशिकाहरु तयार गर्दा वा अध्यावधी गर्दा नै यसबारे स्पष्ट ब्यवस्था गरिनेछ ।
- दाइजो माग गर्ने सम्बन्धी कार्यमा संलग्न जुनसुकै व्यक्ति तथा लमी (घटक, मत्कुरे, अगुवा, मध्यस्थ, पिबु, बेकाबू, कारोबारी) लाई गाउँपालिकाले प्रदानगर्ने सेवा सुबिधा रोक्कागर्ने नीति अवलम्वन गरिनेछ ।
- राज्य कोषबाट तलब, भत्ता तथा आर्थिक सेवा सुविधा लिने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुले आफै दाईजो लिई वा दिई बिवाह गरेको गराएको वा दाईजो प्रथालाई प्रोत्साहन पुग्ने कुनै काम गरेको गराएको पाईएमा नीजले खाइपाई आएको सेवा सुबिधा कटौती वा रोक्का गरिनेछ ।
- बिवाहको समयमा, बिवाह अगाडी वा पछाडी दाईजोका लागि मोलमोलाई भईरहेको, सूचना प्राप्त भएमा तत्काल हस्तक्षेप गरिनेछ र कानूनी कार्वाहीका लागि पठाईने छ । यसकालागि सरोकारवालाहरु बिच सहकार्य गरिनेछ ।
- बैक तथा बित्तिय संस्थाको लगानीले दाईजोको लागि प्रोत्साहन गरेको पाईएमा र यस वारेमा गाउँपालिकाले सचेत गराउँदा पनि अटेर वा बेवास्ता गरेमा त्यस्तो बित्तिय संस्थालाई गाउँपालिका क्षेत्र भित्र कारोवार गर्न रोक्का गर्ने नीति अवलम्बन गरिनेछ ।

**सहकार्यात्मक नीति**

- कुनै ठाउँमा दाइजो नल्याएको भनी यातना दिएको, स्वेच्छा विपरित विवाह अगाडि वा विवाह पश्चात लेनदेन सम्बन्धी मोलमोलाई भएको जस्ता बिषयमा द्रुत सूचना लिने संयन्त्रको बिकास गरिनेछ । यसरी सूचना प्रणाली बिकास गर्दा बृहद सहभागितात्मक प्रकृतिको निगरानी समुह निर्माण गरिनेछ तथा सूचनाहरुको तत्काल सम्बोधन गर्नकालागि सुरक्षा निकायसंग सहकार्य गरिनेछ ।
- दाईजो प्रथालाई निरुत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्नकालागि यस क्षेत्रमा काम गरिरहेका सार्बजनीक, नीजि तथा साझेदारी संस्थाहरु र राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ ।
- दाईजो निरुत्साहनका लागि तयार गरिने संचार सामग्री, प्रचार सामग्री, तालिम सामग्री तथा पाठ्य सामग्रीहरुको उत्पादन तथा वितरणकालागि संचार संस्था/माद्यम तथा अन्य संघ संस्थाहरुसंग सहकार्य, समन्वय तथा साझेदारी गरिनेछ ।

**घ) जातीय छुवाछुत**

**सचेतनात्मक, प्रवर्धनात्मक नीतिहरु**

- जातीय छुवाछुतलाई निरुत्साहित गर्नकालागि योजनाबद्ध सचेतना अभियानहरु संचालन गरिने छन् । यस्ता अभियानहरुमा समाजका अगुवा एवं गुरु पुरोहीतहरुलाई परिचालन गरिनेछ । अभियानमा सघाउ पुग्ने गरि सूचना सामग्रीहरुको उत्पादन र वितरण गरिनेछ ।
- जातीय छुवाछुत सम्बन्धी घटनाहरुको सूचना संकलनकालागि संयन्त्र तयार गरिनेछ र सूचना दिनकालागि सार्बजनीक रुपमा आह्वान गरिनेछ ।
- जातीय छुवाछुत अन्त्यकालागि विद्यमान कानूनी प्रावधान तथा छुवाछुतको ऐतिहाँसिक तथा सामाजिक एवं बैज्ञानीक पक्षलाई समेत समेटेर एकिकृत तालिम सामग्री तयार गरिनेछ र यसलाई बिद्यार्थी, आमा समुह, किशोर तथा किशोरी समुहहरु, जेष्ठनागरिक क्लवहरु लगायतका समुदायहरुमा अभिमुखिकरणका लागि प्रयोग गरिनेछ ।
- दलित र गैरदलित समुदायहरुको सहभागितामा गरिने सहभोज कार्यक्रमहरुलाई बढावा दिईने छ ।
- जातीय छुवाछुतलाई अन्त्यगर्दै जातीय छुवाछुत मुक्त गाउँ, वडा हुँदै क्रमस छुवाछुत मुक्त गाउँपालिका घोषणा गरिनेछ ।

**दण्डात्मक नीतिहरु**

- जातीय छुवाछुत सम्बन्धी  संघीय तथा प्रदेश कानूनहरुको कार्यान्वयनमा जोड दिईनेछ । छुवाछुत जस्तो अमानबीय अपराधमा दण्डहीनताको अन्त्य गरिनेछ ।
- जातीय छुवाछुत गर्ने गराउने ब्यक्ति, तथा परिवारका सदस्यहरुलाई सहकारी संस्था, भलमन्सा, आमा समुहहरु, टोलविकास संस्था, उपभोक्ता समिति तथा अन्य प्रकारका प्रत्यक्ष रुपमा गाउँपालिकाको कुनैपनि संयन्त्रहरुमा आबद्ध नगराउने नीति अवलम्वन गरिनेछ । यसकालागि आवश्यक निर्देशिकाहरु तथा कार्यबिधीहरुमा नै यसको ब्यवस्था गरिनेछ ।
- राज्यकोषबाट तलब, भत्ता तथा आर्थिक सेवा सुविधा लिने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुले जातीय छुवाछुत गरेको गराएको वा छुवाछुतलाई प्रोत्साहन पुग्ने कुनै काम गरेको गराएको पाईएमा नीजले खाइपाई आएको सेवा सुबिधा कटौती वा रोक्का गरिनेछ ।

**सहकार्यात्मक नीति**

- जातीय छुवाछुत अन्त्यका लागि अभियान चलाउँदै आएका सरकारी तथा गैरसरकारी संस्थाहरुसंग नीतिगत तथा कार्यक्रम गत सहकार्य गरिनेछ । यसका लागि संयुक्त रुपमा योजना तर्जुमा तथा कार्यान्वयन गर्नकालागि सम्बन्धित संस्थाहरुसंग सहकार्य गरिनेछ । यस्ता अभियानहरु एकद्धार प्रणालीवाट कार्यान्वयन गरिनेछ ।
- जातीय छुवाछुत सम्बन्धी कसुरलाई सजाय गराउन प्रहरी तथा प्रशासनसंग सहकार्य गरि कानून कार्यान्वयनमा सहकार्य गरिनेछ ।
- जातीय छुवाछुत अन्त्यकालागि संचालन गरिने अभियानहरुको संचालन, तालिम सामग्री, प्रचार सामग्रीहरुको उत्पादन, प्रकाशन तथा प्रसारणका लागि बिभिन्न सरोकारवालाहरुसंग सहकार्य, समन्वय तथा साझेदारी गरिनेछ ।

**ङ) बोक्सा बोक्सी**

**सचेतनात्मक, प्रवर्धनात्मक नीतिहरु**

- बोक्सा बोक्सी प्रथा विशेष गरि धामी, झाँक्री, जान्ने भनेर चिनीने ब्यक्तिहरुसंग प्रत्यक्ष जोडीएर रहेको हुनाले उनीहरुको अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ । यसकालागि गाउँपालिका भित्र रहेका धामी, झाँक्री, जान्ने भनेर चिनीने ब्यक्तिहरुको तथ्याँक संकलन गरिनेछ ।
- बोक्सा बोक्सी प्रथामा बढी अन्ध बिश्वास राख्ने जातजाती, समुदाय तथा क्षेत्रहरुको पहिचान गरि यस प्रथाका बिरुद्ध बिद्यालय तथा समुदायमा आधारीत सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।
- बोक्सा बोक्सी प्रथा वारेको भ्रम चिर्नकालागि बिभिन्न प्रचार प्रसार सामग्रीहरुको उत्पादन तथा वितरण गरिनेछ ।

- कहीं कतै बोक्सा बोक्सी भनी आरोप लगाई हिंसात्मक घटनाहरु भएको अवस्थामा सुचना दिई सहयोग गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गरिनेछ  र पुरस्कार वा सम्मान तथा सुरक्षाको समेत ग्यारेण्टी गरिनेछ ।

**दण्डात्मक नीतिहरु**

- बोक्सा वा बोक्सी भनेर आरोप लगाउने कार्यलाई पुर्ण रुपमा निरुत्साहीत गरि कानून कार्यान्वयनमा जोड दिईनेछ ।
- बोक्सा बोक्सी प्रथालाई सघाउ पुर्याई कसैमाथि यस्तो आरोप लगाउने तथा हिंसा गर्ने गराउने व्यक्ति, तथा परिवारका सदस्यहरुलाई सामुदायिक वन उपभोक्ता समिति, सहकारी, आमा समुहहरु, टोलविकास संस्था, उपभोक्ता समिति तथा प्रत्यक्ष रुपमा गाउँपालिकाको कुनैपनि प्रकारका संयन्त्रहरुमा आबद्ध नगराउने नीति अवलम्वन गरिनेछ । यसका लागि यी समुहहरु गठन तथा परिचालन गर्ने निर्देशिकाहरु वा कार्यबिधिहरुमा नै त्यस्ता व्यक्तिहरुलाई समाबेस नगराउने व्यवस्था स्पष्ट तोकिनेछ ।
- राज्यकोषबाट तलब, भत्ता तथा आर्थिक सेवा सुविधा लिने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुले बोक्सा बोक्सी लगाउने जस्तो निकृष्ठ अमानबीय व्यवहार गरेको गराएको वा यसलाई प्रोत्साहन पुग्ने कुनै काम गरेको गराएको पाईएमा नीजले खाइपाई आएको सेवा सुबिधा कटौती वा रोक्का गरिनेछ ।

**सहकार्यात्मक नीति**

- बोक्सा बोक्सी प्रथाको उन्मुलनकालागि भलमन्सा, आमा समुहहरु, आधारभुत तहमा रहेका परम्परागत, जातीय तथा साँस्कृतिक समुहहरुलाई अभिमुखिकरण गरि यसको अन्त्यकालागि यस्ता समुदायहरुसंग सहकार्य गरिनेछ ।
- संघीय कानूनहरुको कार्यान्वयनकालागि प्रहरी तथा प्रशासनसंग सहकार्य गरिनेछ । यसकालागि गाउँपालिकाका तर्फबाट नियमित सम्पर्ककालागि जिम्मेवारी तोकीनेछ । द्रुत सूचना प्रणाली स्थापना गरि, हस्तक्षेप तथा पिडितको उद्दारकालागि आवश्यक पर्ने सबैसंग सहकार्य गरिनेछ ।

### ७. पिडितहरुको पुनःस्थापनाकालागि नीतिहरु

- सामाजिक कुरीतिका पिडितहरुको पुनःस्थापनाका लागि सुरक्षित आवास गृह तथा सेवाकेन्द्रको स्थापना गरिनेछ । पिडितहरुको जिवनयापनका लागि सिपमुलक तथा स्वरोजगार तालिम एवं आवश्यक पर्ने अन्य सहयोग गरिनेछ । यसकालागि सरोकारवाला संघ संस्था तथा निकायहरुसंग आर्थिक तथा भौतिक साझेदारी तथा सहकार्य गरिनेछ ।
- सामाजिक कुरीतीका पिडितहरुलाई कानूनी उपचारका क्रममा आवश्यकता अनुसार सेवाकेन्द्रहरुमा राख्ने व्यवस्था मिलाईनेछ । पिडित तथा उनका परिवारहरुलाई आवश्यकता अनुसारको मनोसामाजिक परामर्षको व्यवस्था गरिनेछ । यस कार्यकालागि स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु तथा बिषय बिज्ञहरुसंग सहकार्य गरिनेछ ।
- सामाजिक कुरीतिहरुका पिडितहरुको पुनःस्थापनाका लागि एक सहभागितात्मक कोष खडा गरिनेछ । कोष बृद्धीकालागि व्यक्तिगत तथा संस्थागत साझेदारी गरिनेछ । कोषको व्यवस्थित रुपमा परिचालन तथा पारदर्शिताकालागि छुट्टै निर्देशिका बनाई लागु गरिनेछ ।

### ८. नीति कार्यान्वयन सम्बन्धी व्यवस्था

यो नीतिको कार्यान्वयनकालागि गाउँपालिकाले बार्षिक बजेट तथा कार्यक्रममा कृयाकलापहरुको तर्जुमा गर्नेछ । गाउँपालिका भित्र कार्यक्षेत्र भएका विकास साझेदारहरुलाई यो नीतिसंग मेल खानेगरि क्रियाकलापहरु तयगर्न लगाई साझेदारी गरिनेछ । यो नीति कार्यान्वयनका लागि, स्थानीय, प्रदेस एवं संघीय सरकारले लिएका नीति कार्यान्वयनमा नेतृत्व, समन्वय तथा अनुगमन गर्नकालागि देहाय बमोजिमका गाउँपालिका र वडा स्तरिय संयन्त्रहरु रहने छन् ।

**अनुसुची १: सामाजिक कुरीति बिरुद्धको नीतिमा आधारीत बार्षिक क्रियाकलापहरु (नमुना)**

| क.स. | क्रियाकलाप |
|---|---|
| **बाल विवाह** | |
| १ | बाल क्लव तथा संजालहरुको गठन, पुनर्गठन तथा परिचालन |
| २ | गाउँ पालिका स्तरिय बाल सम्मेलन |
| ३ | तालिम पुस्तीका तथा तालिम सामग्रीहरुको तयारी |
| ४ | समुदाय अभिमुखिकरण कार्यक्रम |
| ५ | बिद्यालय अभिमुखिकरण कार्यक्रम |
| ६ | प्रचार सामग्रीहरुको तयारी तथा प्रकाशन |
| ७ | रेडीयो कार्यक्रम संचालन |
| ८ | रेडीयो सूचनाहरुको उत्पादन तथा प्रसारण |
| ९ | बाल विवाह जोखिम क्षेत्र पहिचान |
| १० | बाल विवाह विरुद्ध भिडीयो सामग्री उत्पादन |
| ११ | बाल विवाह सम्वन्धी सडक नाटक तयार तथा प्रदशनी |
| १२ | अडियो भिजुअल रुम स्थापना तथा भिजुअल सामग्री प्रसारण |
| १३ | बाल विवाह सम्बन्धी तथ्यांक संकलन तथा विश्लेषण |
| १४ | सूचना संयन्त्रको स्थापना तथा निःशुल्क (टोल फ्री) हटलाईन संचालन |
| १५ | अन्तर पुस्ता सम्बाद कार्यक्रम |
| १६ | पञ्जिकरण अभिमुखिकरण कार्यक्रम |
| १७ | बाल विवाह पिडितका लागि सिप बिकास कार्यक्रम |
| १८ | बाल विवाह पिडितका लागि आय आर्जन कार्यक्रम |
| १९ | बाल विवाह मुक्त घोषणा एवं सम्मान तथा पुरस्कार वितरण कार्यक्रम |
| २० | सम्यन्त्र संचालन तथा समन्वय बैठक |
| २१ | साझेदारी कोष स्थापना तथा संचालन |
| २२ | अनुगमन तथा मुल्याँकन |
| **छाउपडी** | |
| १ | आमा समुह तथा किशोरी संजाल गठन तथा परिचालन |
| २ | विद्यालय सचेतना कार्यक्रम |
| ३ | विद्यालयमा स्यानीटरी प्याड वितरण कार्यक्रम |
| ४ | तालिम पुस्तीका तथा प्रचार सामग्रीको तयारी |
| ५ | प्रचार सामग्री प्रकाशन |
| ६ | रेडीयो सूचना सामग्री उत्पादन तथा प्रसारण |
| ७ | भिडीयो सामग्री उत्पादन |
| ८ | अडियो भिजुअल रुम स्थापना तथा भिजुअल सामग्री प्रसारण |
| ९ | छाउपडी लगायतका महिला हिंसा सम्बन्धी १६ दिने अभियान संचालन |
| १० | छाउपडी सचेतनाका लागि तीज गित प्रतियोगिता |
| ११ | सडक नाटक तयार तथा प्रर्दशनी |
| १२ | समुदाय केन्द्रीत तालिम तथा अभिमुखिकरण सञ्चालन |
| १३ | सम्मान तथा पुरस्कार वितरण कार्यक्रम |
| १४ | योजना तर्जुमा तथा समन्वय एवं समिक्षा बैठकहरु |
| १५ | अनुगमन तथा मुल्यँकन |
| **दाईजो प्रथा** | |
| १ | तथ्यांक संकलन तथा विश्लेषण (दाईजो लिने दिने तथा नलिने) |
| २ | सूचना संयन्त्रको स्थापना तथा निःशुल्क सूचनाका लागि (टोल फ्रि) हटलाईन संचालन |
| ३ | रेडीयो कार्यक्रम उत्पादन तथा प्रशारण |
| ४ | रेडीयो सूचना सामग्री उत्पादन तथा प्रसारण |
| ५ | दाईजो लेनदेन हुने जात जाति समुदाय तथा क्षेत्र पहिचान |

| सि.नं. | क्रियाकलाप |
|---|---|
| ६ | तालिम पुस्तीका तथा प्रचार सामग्रीहरुको तयारी |
| ७ | सचेतना सामग्रीको प्रकाशन |
| ८ | भिडीयो सामग्री उत्पादन |
| ९ | अडियो भिजुअल रुम स्थापना तथा भिजुअल सामग्री प्रसारण |
| १० | विद्यालय सचेतना कार्यक्रम |
| ११ | समुदाय अभिमुखिकरण तथा तालिम कार्यक्रम |
| १२ | महिला हिंसा बिरुद्धको १६ दिने अभियान संचालन |
| १३ | दाईजो मुक्त घोषणा, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम |
| १४ | बिपन्न बर्ग शिक्षा कोष स्थापना तथा संचालन |
| १५ | समन्वय तथा समिक्षा बैठकहरु |
| १६ | बित्तिय संस्था तथा लगानी अनुगमन |
| १७ | अनुगमन तथा मुल्याँकन |
| **जातिय छुवाछूत** | |
| १ | तालिम पुस्तिका तथा प्रचार सामग्रीहरुको तयारी |
| २ | प्रचार सामग्री प्रकाशन |
| ३ | सूचना संयन्त्रको स्थापना तथा निःशुल्क सूचनाका लागि (टोल फ्रि) हटलाईन संचालन |
| ४ | रेडीयो कार्यक्रम उत्पादन तथा प्रसारण |
| ५ | रेडीयो सूचना सामग्री उत्पादन तथा प्रसारण |
| ६ | भिडीयो सामग्री उत्पादन |
| ७ | अडियो भिजुअल रुम स्थापना तथा भिजुअल सामग्री प्रसारण |
| ९ | जातिय छुवाछूत बिरुद्धको एक हप्ते सचेतीकरण कार्यक्रम संचालन |
| १० | समुदाय केन्द्रीत तालिम तथा अभिमुखिकरण |
| ११ | छुवाछूत मुक्त घोषणा, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम |
| १२ | योजना तर्जुमा, समन्वय तथा समिक्षा बैठकहरु |
| १३ | अनुगमन तथा मुल्याँकन |
| **बोक्सा बोक्सी** | |
| १ | धामी झाँक्री तथ्याँक संकलन तथा बोक्सा बोक्सी प्रथा मान्ने जात जाती, क्षेत्र, समुदाय पहिचान |
| २ | तालिम पुस्तीका तथा प्रचार प्रसार सामग्रीहरुको तयारी |
| ३ | प्रचार सामग्री प्रकाशन |
| ४ | धामी झाँक्री अभिमुखिकरण कार्यक्रम |
| ५ | बिद्यालय अभिमुखिकरण कार्यक्रम |
| ६ | रेडीयो सूचना सामग्री उत्पादन तथा प्रशारण |
| ७ | भिडीयो सामग्री उत्पादन |
| ८ | अडियो भिजुअल रुम स्थापना तथा भिजुअल सामग्री प्रसारण |
| ९ | सूचना संयन्त्रको स्थापना तथा निःशुल्क सूचनाका लागि (टोल फ्रि) हटलाईन संचालन |
| १० | बोक्सा बोक्सी प्रथा मुक्त क्षेत्र घोषणा, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम |
| ११ | योजना तर्जुमा, समन्वय तथा समिक्षा बैठकहरु |
| १२ | अनुगमन तथा मुल्याँकन |
| **पुनःस्थापनाका लागि क्रियाकलापहरु** | |
| १ | सुरक्षित आवास तथा सेवाकेन्द्र निर्माण |
| २ | मनोसामाजिक परामर्ष सेवा |
| ३ | कानूनी परामर्ष तथा सेवा |
| ४ | पिडित पुनःस्थापना कोष निर्माण |
| ५ | शिपमुलक तथा स्वरोजगार तालिम |